प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश
हेटौडा, नेपाल

फोन नं. : ०५७-५२४८३६
Email : mosd@bagamati.gov.np

प.सं. २०७८/७९
च.नं. :

## चमेनागृह संचालन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०६।२० गते बुधबार)

आर्थिक वर्ष २०७८।०७९ को लागि यस मन्त्रालय परिसरमा चमेनागृह संचालन गर्नुपर्ने भएकोले चमेनागृह संचालन गराउनको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम मिति २०७८।०७।०९ गते दिनको १२:०० वजे भित्र यस मन्त्रालयको प्रशासन शाखामा रु.१०००।-( फिर्ता नहुने गरी ) सामाजिक विकास मन्त्रालयको कार्यालय कोड नं. ३५०००३२०१३, राजश्व शिर्षक नं. १४२२९ मा राजस्व बुझाएको रा.बा. वैकको सक्कल वैक भौचर पेश गरी प्राप्त गर्न सकिनेछ । साथै उक्त फाराम लिनको लागि राजस्व बुझाएको सक्कल भौचरका साथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, ईजाजत पत्र वा व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर बिवरण बुझाउने म्याद थप सम्बन्धी पत्रको प्रतिलिपी पेश गरी मन्त्रालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ यस मन्त्रालयको नाममा रहेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, हेटौडा शाखाको धरौटी खाता नं १३००१००२०२०३०००० र मन्त्रालयको कार्यालय कोड नं ३५०००३२०१३ मा विड वण्ड बापतको रकम रु ७५,०००।-(पचहत्तर हजार मात्र) जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वराबरको यस मन्त्रालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी शिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ । साथै शिलबन्दी दरभाउपत्रको मान्य अवधि शिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तीमा ३५ दिनको हुनेछ ।

३. मुल्याङ्कनको लागि मन्त्रालयले तयार गरेको अनुमानीत लागत तथा मन्त्रालयमा नियमित खपत हुने आधारभुत खाद्य तथा पेय परिकारमा न्यून अंक कबोल गर्नेलाई प्राथमिकतामा राखिनेछ त्यसपछि मात्र अतिरिक्त खाद्य तथा पेय परिकारलाई मुल्याङ्कनको आधार बनाईनेछ ।साथै कुनै

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुर

Scanned with CamScanner

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश
हेटौंडा, नेपाल

फोन नं. : ०५७-५२४८३६
Email : mosd@bagamati.gov.np

प.सं. २०७८/७९
च.नं. :

खाद्य पदार्थमा अस्वभाविक रुपमा कम तथा बढी मुल्य कबोल गरेमा त्यसलाई मुल्याङ्कनमा निरुत्साहित गरिनेछ ।

४. कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

६. शिलबन्दी दरभाउपत्र बुझाउँदा शिलवन्दी गरी खाम वाहिर "चमेनागृह संचालन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश," भनी स्पष्ट उल्लेख गरी मिति २०७८।०७।०९ गते दिनको १२.०० बजे सम्म यस मन्त्रालयको प्रशासन शाखामा दर्ता गर्न सकिनेछ ।

७. म्यादभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु मिति २०७६।०७।०९ गते दिनको २:०० बजे शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा मन्त्रालयको, प्रशासन महाशाखामा खोलिनेछ । शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न वाधा पर्ने छैन । फाराम वितरण गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

Scanned with CamScanner